# आवश्यकता !!

**यस विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालय, विजेश्वरीमा रिक्त निम्नलिखित पि.जी.टी. शिक्षकहरु करारमा पदपूर्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरुबाट मिति २०७५/०४/०२ गते बुधबार कार्यालय समयभित्रमा यस महाविद्यालयमा आइपुग्ने गरी आफूले प्राप्त गरेका सम्पूर्ण प्रमाणपत्रहरु सहित दरखास्त आव्हान गरिन्छ । दरखास्त फाराम सार्वजनिक बिदाको दिन बाहेक महाविद्यालयको प्रिन्सिपल कार्यालयबाट नियमानुसार शुल्क तिरी वा महाविद्यालयको वेवसाइट www.bgmsm.edu.np बाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ ।**

**१. (क) शिक्षकतर्फ आवश्यक पद तथा विषय :**

- पि.जी.टी. अंग्रेजी शिक्षक (पूर्णकालिन)
- पि.जी.टी. नेपाली शिक्षक (फ्ल्याट बेसिस)

**(ख) आवश्यक न्यूनतम योग्यता**

- सम्बन्धित विषयमा कम्तिमा ५० प्रतिशत अंक ल्याई त्रि.वि.वा मान्यताप्राप्त विश्वविद्यालयबाट स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनुपर्नेछ ।

**(ग) वाञ्छनीय योग्यताः**

- प्रथम श्रेणीमा उत्तीर्ण, बढी योग्य, क्याम्पस स्तरमा शिक्षण अनुभव प्राप्त शिक्षकलाई विशेष ग्राह्यता दिइनेछ ।

**२. पेश गर्नुपर्ने कागजातहरु :** रेकर्ड फाइलमा राखी देहायअनुसारका प्रमाणित कागजातहरु अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

- व्यक्तिगत विवरण (Curriculum Vitae)
- नेपाली नागरिकताको प्रतिलिपी
- शैक्षिक प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपि (एस.एल.सी. देखि माथि हरेक तहको लब्धाङ्क पत्र/ट्रान्सक्रिप्ट, प्रोभिजनल/ओरिजिनल सर्टिफिकेट, चारित्रिक प्रमाणपत्र, Migration Certificate, Equivalent Certificate (विदेशबाट अध्ययन गरेको भएमा )
- अनुभव, तालिम तथा प्राप्त अन्य प्रमाणपत्रहरुका प्रमाणित प्रतिलिपी
- नेपाल सरकारबाट मान्यता प्राप्त अस्पतालबाट निरोगिताको प्रमाणपत्र
- हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति तथा रु.१० को टिकट ।

**३. सम्पर्क मिति र समय : २०७५/०४/०३ गते बिहिबार अपरान्ह २:०० बजे ।**

**४. शिक्षक पदका लागि लिखित परीक्षाको माध्यमद्धारा Short Listing गरी Short Listed उम्मेदवारहरुलाई मात्र Class Demonstration, Medical Check-up तथा अन्तर्वार्ताका माध्यमबाट छनौट गरिनेछ ।**

**५. शिक्षकको पदपूर्ति सम्बन्धी विस्तृत कार्यक्रम सम्पर्क मितिको दिन प्रकाशित गरिनेछ ।**

**नोटः**

क) विभिन्न चरणमा हुने छनौट प्रकृया सम्बन्धी विस्तृत विवरण सम्पर्क मितिका दिन जानकारी गराइनेछ ।

ख) दरखास्त दिने उम्मेदवार फौजदारी/अदालती कानुनी रुपमा दोषी नभएको हुनुपर्नेछ ।

ग) अन्तर्वार्तामा सहभागी हुन आउने उम्मेदवारले नागरिकता, सम्पुर्ण तहका शैक्षिक प्रमाणपत्रहरु, वाञ्छनिय योग्यताको प्रमाणपत्रहरुको सक्कल प्रति साथमा लिई आउनुपर्नेछ ।

घ) तोकिएको स्थान, मिति र समयमा उपस्थित नहुने उम्मेदवारहरुलाई पुनः परीक्षाको व्यवस्था गरिने छैन ।

ङ) थप जानकारीका लागि महाविद्यालयको प्रिन्सिपल कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

प्रिन्सिपल